आज मिति २०८३/०५/२६ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CS CamScanner

**मिति २०८३/०५/२६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः**

1) नगर प्रमुख स्तरीय निर्णय अनुमोदन सम्बन्धमा ।

2) शोक बिदा अनुमोदन सम्बन्धमा ।

3) कार्यविधि स्वीकृत सम्बन्धमा ।

4) विपद ब्यबस्थापन सम्बन्धमा ।

5) "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

6) न्यायिक समितिको बार्षिक प्रतिबेदनको समिक्षा सम्बन्धमा ।

7) नगर बस खरिदका लागि मेकानिकल इन्जिनियर मनोनयन सम्बन्धमा ।

8) नगर बस खरिद प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

9) बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

10) वडा न. ०८ स्थित स्वास्थ्यचौकी भवनको अधुरो कार्य संचालन सम्बन्धमा ।

11) संघीय अनुदानमा कार्यरत वाल विकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको नगर तर्फको तलव भत्ता अनुदान थप सम्बन्धमा ।

12) आर्थिक सहायता सम्बन्धमा ।

13) बिबिध बिषय सम्बन्धमा ।

**निर्णय नं.१**

मिति २०८३ भदौ १० गते, बुधबार बिहान ८:४० बजे रसुवाको भोटेकोशी तथा त्रिशुली नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ र गोरखा लगायतका जिल्लाका तटीय क्षेत्रहरुमा मानवीय तथा भौतिक सम्पत्तिको क्षति भएको हुँदा उक्त घटनामा ज्यान गुमाउनु हुने मृत आत्मा प्रति दशरथचन्द नगरपालिका नगरकार्यपालिकाको तर्फबाट भावपूर्ण श्रद्धान्जली तथा घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । मिति २०८३/०५/११ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार उक्त घटनाबाट प्रभावित तथा पिडित नागरिकहरुको खोज, उद्दार, राहत, उपचार तथा पुन:स्थापनाका लागि यस दशरथचन्द नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ३०००००1- (अक्षरेपि रु. तिन लाख) रकम सहयोग गर्ने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं ०२**

यस नगरपालिकाको स्थापनाकाल देखि नगरपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी हर्क बहादुर नेपालीको मिति २०८३/०५/१८ गते असामयिक निधन भएको हुँदा दिवंगत आत्मा प्रति नगरकार्यपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछौं । यस कार्यालयको मिति २०८३/०५/२१ गतेको निर्णयानुसार न.पा. ले एउटा कुशल र रास्ट्रसेवक गुमाएकोमा दिवंगत आत्माको चिरशान्तिको कामनाका लागि मिति २०८३/०५/२२ गतेको शोक बिदा दिने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं ३**

यस नगरपालिकाले निर्माण गरेको दशरथचन्द नगरपालिकाको समुदायमा आधारित मनोसामाजिक कार्यकर्ता (CPSW) संयोजक र मनोपरामर्शदाता परिचालन तथा ब्यबस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

मिति २०८३ साल भाद्र महिनाको अविरल बर्षाले नगरका बिभिन्न वडाहरुमा हावा, हुरी, बाढी पहिरोले घर आँगन भत्केका निवेदनहरु प्राप्त भएकोले उक्त निवेदन अनुसार अनुगमन तथा अध्यन गरि विवरण पेश गर्न यस कार्यालयमा कार्यरत विपद सम्पर्क व्यक्ति अधिकृत सातौं बिनोद बहादुर चन्द र प्राबिधिक नरेश कार्कीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

CamScanner

**निर्णय न. ५**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, नवीकरण, नामसारी, तथा खारेजी गर्ने सम्बन्धी कार्यविधी २०७५ को अनुसुची (ग) बमोजिमको "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सिफारिस समितिको बैठकले श्री बि.कम्पनी एण्ड सप्लायर्स प्रा.लि. द.न.पा.०४ र ईष्टदेव कन्सट्रक्शन एण्ड कन्सल्टेन्सी द.न.पा. ०५ ले "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्रका लागी पेश गरेको निवेदन तथा अन्य आवश्यक कागजातको जाँचबुझ गरी आवश्यक निर्णयार्थ कागजातको फाइल थान १/१ सहित कार्यपालिकामा पेश गरेकोमा, उक्त निर्माण सेवा प्रा.लि लाई "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ६**

दशरथचन्द नगरपालिका न्यायिक समितिबाट आ.ब.० २०८२/८३ मा दर्ता भएका विवादहरुको न्याय निरोपण सम्बन्धि कार्यहरुको कार्य समिक्षा गरियो । आगामी दिनमा न्यायिक समितिको काम कारवाहीलाई बिधि, पद्दति र प्रक्रिया अनुसार कार्य सम्पादन गरी जनहितमा छिटो, छरितो र सहज रुपमा कार्य गर्ने निर्णय गरियो ।

**निर्णय न. ७**

यस दशरथचन्द नगरपालिकाले नगर बासीहरुलाई थप स्थानमा सार्वजनिक बस सेवाका प्रदान गर्नका लागी चालु आ.व.०८३/८४ मा थप एक अर्को नगर बस खरिद गर्न बजेट विनियोजन गरिएकोले बस खरिद प्रकिया अगाढी बढाउन बोलपत्र सूचना प्रकाशन गर्नका लागि बिडिंग डकुमेन्ट तयार गर्न कार्यालयमा आवश्यक दक्ष जनशक्ति मेकानिकल इन्जिनियर नभएकाले गत बिगतमा समेत यस कार्यालयलाई मेकानिकल सम्बन्धि प्राबिधिक सहयोग गर्नु भएका धनगडी उपमहानगरपालिका-३ कैलाली बस्ने महेश खतिवडा (ने.इ.प.दर्ता न.७११३ मेकानिकल "क" वर्ग) लाई बिडिंग डकुमेन्ट तयार गर्नका लागी खरिद ऐन २०६३ नियम को परिधिभित्र रही आवश्यक प्रकिया अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय न. ८**

नगर सभा वाट चालु आ.व.०८३/८४ मा नगर बस खरिद गर्न रु. ५०,००,०००/- पचास लाख बजेट विनियोजन भएकोमा बस खरिदका लागि बोलपत्र सूचना प्रकाशन गर्ने इस्टमेट (लागत अनुमान) तयार गर्दा विनियोजन गरिएको बजेट भन्दा बढी हुन आउने रकम समपुरक बजेट वाट भुक्तानी गर्ने गरि नगर बस खरिदका लागि बोलपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन लगायत आवश्यक प्रक्रिया अगाढी बढाउने निर्णय गरियो ।

CamScanner

**निर्णय न. ९**

यस नगरपालिकाको खरिद ईकाईले तयार गरेको बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. १०**

यस नगरपालिकाको वडा न. ०८ स्थित स्वास्थ्यचौकी भवन निर्माण कार्य आ.ब. २०८२/८३ मा सामाजिक बिकास कार्यालय बैतडीबाट निर्माण गरिएको र उक्त भवनको बाँकी निर्माण कार्य सामाजिक बिकास कार्यालयबाट हुन नसक्ने व्यहोरा सामाजिक बिकास कार्यालय बैतडीको च.न. २७ मिति २०८३/०५/२४ गतेको पत्रबाट जानकारी गरिएकोले स्वास्थ्य चौकीको बाँकी निर्माण कार्य यस नगरपालिकाको नवौं नगर सभाबाट विनियोजित बजेटबाट गर्ने निर्णय गरियो ।

**निर्णय न. ११**

संघीय अनुदानमा कार्यरत वाल विकास सहयोगी कार्यकर्ता र विद्‌यालय कर्मचारीको तलव भत्तामा सङ्घीय सरकारबाट प्रति महिना रु. ५ हजार थप गरिएकोमा सोहि अनुसार निजहरुलाई खाई पाई आएको त.भ.मा रु.५ हजार थप गर्ने निर्णय गरियो ।

**निर्णय न. १२**

यस नगरपालिका भित्रका तपसिलका दिर्घ रोगी तथा असहाय बिपन्न नागरिकहरुलाई तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.बिरभान ओड द.न.पा. ०९ | रु. २०,०००. |
| २.बिरेन्द्र जोशी द.न.पा. ०९ | रु. २०,०००. |
| ३.चामु भट्ट द.न.पा. ०५ | रु. २०,०००. |

CamScanner